स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली अभिनेत्रीहरु विदेश पुगेपछि पहिरनको मामलामा खुल्ने ट्रेन्ड जस्तै छ । फिल्ममा प्रायः साधारण चरित्रमा देखिने गरेकी अभिनेत्री मलिना जोशी पनि विदेशको समुन्द्री तट पुगेपछि खुलेकी छन् । व्यक्तिगत भ्रमणको शिलशिलामा अष्ट्रेलिया पुगेकी उनले सिड्नीको समुन्द्री तटमा 'वान-पीस स्विमसुट'मा खिचाएको दुई वटा तस्विर सामाजिक सञ्जालमा साझेदार गरेकी छन्, जुन चर्चाको विषय बनेको छ । उनको पोस्टमा धेरैले 'हट एन्ड ब्यूटिफुल' भन्दै तारिफ गरेका छन् । मलिनाको फिल्मी करिअर अपेक्षाकृत छैन ।

**आजको विचार...**



रिसव गौतम

धनीको... (दुई पेजमा)



नेपालका समर्पण लामाले भारतको टेलिभिजन रियालिटी शो 'इन्डियाज बेस्ट डान्सर' सिजन ३ को उपाधि जितेका छन् । शनिबार रातिको ग्राण्ड फिनालेमा ट्रफी चुम्दै उनले १५ लाख भारु र उनका नृत्य निर्देशक भावना खन्डुजाले ५ लाख भारु नगदसहितका पुरस्कार जिते । चितवनको रत्ननगर नगरपालिका-१३ भीमबहादुर चोक निवासी लामा सोनी च्यानलबाट प्रसारित नृत्य प्रतिस्पर्धाको उपाधि जितेका हुन् । अन्तिम पाँच प्रतिस्पर्धामा समर्पणसहित सिवांशु सोनी, विपुल काँडपाल, अंकित चौहान, अञ्जली मामगाई पुगेका थिए ।

❒ वर्ष २९ ❒ अंक ७७ ❒ २०८० असोज १५ गते सोमबार 2 October 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपामा भन्सार छलीका सामान भित्रिने क्रम बढ्दो

## एक वर्षमा १६ लाख बढीको अवैध सामान भित्रियो

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज १४/१३ असोज २०८० मा पाल्पा प्रहरीले जिल्लाको तिनाउ गाउँपालिका-३ सिद्धार्थ राजमार्ग र तानसेन नगरपालिका-६ बसपार्कमा बुटवलबाट भ्यानमा ल्याउँदै गरेका अवैध सामग्री बरामद गऱ्यो । त्यसमा भन्सार छली गरी ल्याइएका २ लाख ७५ हजार ८ सय ६० बराबरको अवैध सामान रहेको थियो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठका अनुसार सिद्दार्थ राजमार्गमा बुटवलबाट पाल्पातर्फ आउँदै गरेको बाग्मती प्रदेश ०१०२५ च १९८७ नम्बरको पिक अप भ्यानलाई प्रहरी चौकी दोभानको प्रहरी टोलिले चेकजाँच गर्ने क्रममा अवैध सामान फेला पारेको थियो । बिल भौचर नभएको ८७ हजार ६ सय ६० मूल्य बराबरको अवैध सामान बारामद गरिएको हो । प्रहरीले गाडीबाट क्याटिक सोडा ८ बोरा, टायल किलिनर ४ सय १ पिस, फिनेल ७४ पिस, हार्पिक २० पिस  सामान बरामद गऱ्यो ।

यस्तै सोही दिन नै तानसेन बसपार्कमा अस्थाई प्रहरी बिट बसपार्कबाट खटिएको प्रहरी टोलीले बुटवलदेखि पाल्पातर्फ आउँदै गरेको लु ३ च १०७० नम्बरको पिकअप भ्यान चेकजाँच गर्ने क्रममा अवैध सामान फेला पारेको छ । बिल भौचर नभएको प्लाष्टिकबाट बनेका अवैध सामान बरामद गरिएको हो । करिब एक लाख अठासी हजार दुई सय बराबरको अवैध सामानहरु बरामद गरिएको छ । प्रहरीले गाडिबाट प्लाष्टिकको गमला ४ सय ८६ थान, १ सय २० थान प्लाष्टिकको पिर्का, ४० थान प्लाष्टिकको जाली सहितको भाडा राख्ने गमला, २ सय ४० थान प्लाष्टिकको म्याट बरामद गरेको हो । प्रहरीले सामान बरामदसँगै दुवै गाडीका चालक र सवारी साधनलाई





नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि बुटवलस्थित राजस्व अनुसन्धान कार्यालय पठाएको छ । बिल भौचर नभएकाले नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय रुपन्देही पठाइएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए ।

यस्तै २७ जेठ २०८० मा प्रहरीले भन्सार छली ल्याइएको अवैध युरियार मल बरामद गऱ्यो । जिल्लाको रामपुर नगरपालिका-५ बेझाड र रम्भा गाउँपालिका -१ हुँगीबाट भन्सार छलि गरी ल्याइएको ९ लाख ८० हजार १ सय बराबरको अवैध युरिया मल बरामद गरिएको थियो । भारतीय बजारबाट भन्सार छलेर रामपुरमा गोदाम गरी राखिएको ६ सय ५० बोरा र हुँगीस्थित कालीगण्डकी करिडोर सडक खण्डबाट ३ सय ७२ बोरा युरिया मल प्रहरीले बरामद गऱ्यो । उक्त मल प्रहरीले नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि  भन्सार कार्यालय रुपन्देही पठाएको थियो । १९ भदौ २०७९ मा प्रहरीले जिल्लाको बगनासकाली गाउँपालिका-३ आर्यभञ्ज्याङबाट तीन बोरा अवैध कपडा बरामद गऱ्यो । भन्सार छलेर ल्याएको दुई लाख ६५ हजार ५ सय बराबरको ५ सय ९० जोर कुर्ता सुरुवाल बरामद गरिएको थियो । उक्त सामान नियन्त्रणमा लिई अनुसन्धानको लागि बेलहिया भन्सार कार्यालय रुपन्देही पठाइयो । यस्तै १६ भदौ २०७९ मा फेरि प्रहरीले अवैध दुई बोरा कपडा बरामद गऱ्यो । जिल्लाको तिनाउ गाउँपालिका-३ पैठेडाँडाबाट भन्सार छलेर ल्याइएको ८० हजार बराबरको एक सय जोर कुर्ता सुरुवाल बरामद गरिएको थियो । उक्त सामान पनि नियन्त्रणमा लिई अनुसन्धानको लागि भन्सार कार्यालय रुपन्देही पठाइयो । पछिल्लो समय सिमानाका हुँदै अवैध रुपमा पाल्पामा सामानहरु भित्रिने क्रम बढ्दो छ ।

नवजनचेतना दैनिकले संकलन गरेको छुट्टाछुट्टै विवरण अनुसार गत भदौ यता एक वर्षको अवधिमा जिल्लाबाट कुल १६ लाख १ हजार ४ सय ६० रुपैयाँ बराबरका अवैध सामान बरामद भएका छन् ।

**राजश्वमा धक्का**

पाल्पामा अवैध रुपमा सामान ओसारपसार गर्ने क्रम बढ्दो छ । जसको प्रत्यक्ष असर सरकारको राजश्वमा पर्ने देखिएको छ । भन्सार छली गरी अवैधरुपमा ठूलो मात्रामा सामान भित्रिने गर्दा राज्यलाई दिनहुँ ठूलो मात्रामा राजश्व नोक्सानी पर्न गएको छ । जबकि सम्बन्धित निकाय मौन बसिदिँदा यो क्रम दिनानुदिन बढ्दै गइरहेको छ । शुरुआती चरणमा सीमा आसपासमा मात्र यस्ता गतिविधि भए पनि हाल आएर पाल्पा, गुल्मी, रुपन्देही, कपिलवस्तु एवं नवलपरासीका सम्पूर्ण क्षेत्रसम्म विस्तार भएको छ ।

## संक्षिप्त समाचार

### दिल्लीस्थित अफगानी दूतावास बन्द

(रासस/एएनआई)

**नयाँदिल्ली,** असोज १४/ नयाँदिल्लीमा रहेको अफगान दूतावास बन्द भएको छ । अफगानिस्तानको हितमा दूतावास बन्द गरिएको शनिबार राति जारी विज्ञप्तिमा जनाइएको छ ।

दूतावासले जारी गरेको विज्ञप्तिमा "भारत सरकारको असहयोग, दिल्लीमा अफगानिस्तानको राष्ट्रिय स्वार्थ भारतमा प्रवर्द्धन गर्न अक्षम भएको तथा कर्मचारी एवं अन्य आवश्यक स्रोतको अभावमा  दूतावास बन्द गर्नुपरेको" विज्ञप्तिमा उल्लेख छ । भारतले अफगानिस्तानको तालिबान सरकारलाई मान्यता दिएको छैन । त्यहाँ तालिबान सरकार सत्तामा फर्किएपछि भारत सरकारले आृनो कूटनीतिक उपस्थिति निलम्बन गरेको छ । जुन २०२२ मा नयाँ दिल्लीले अफगानिस्तानको राजधानीमा भारतीय मानवीय सहायता समन्वय गर्न एउटा प्राविधिक टोलीमात्र परिचालन गरेको छ । यही असोज ८ गते भारतीय विदेश मन्त्रालयलाई एक पत्र पठाउँदै अफगानिस्तानको राजदूतावासले भारत सरकारबाट कूटनीतिक व्यवहार र संरचनागत सहयोगको अभावमा दूतावास बन्द हुने जानकारी दिएको थियो ।

### डुबेर एक जनाको मृत्यु

**पाल्पा,** असोज १४/कपिलवस्तुमा डुबेर एक जनाको मृत्यु भएको छ । यहाँको बुद्धभूमी नगरपालिका-१ वीरपुरमा कुलोमा डुबेर एक पुरुषको मृत्यु भएको हो ।

मृत्यु हुनेमा सोही ठाउँका ३२ वर्षीय हरिबहादुर थापा रहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । उनी घर नजिकैको कुलोमा डुबेरका थिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# प्रधानमन्त्रीको निर्देशनपछि निगमले लियो मूल्यवृद्धि फिर्ता

**पाल्पा,** असोज १४/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिएको छ । निगमले आइतबार एक सूचना प्रकाशन गर्दै सरकारले दिएको निर्देशन अनुसार मूल्यवृद्धि गर्ने निर्णय आइतबार राति १२ बजेदेखि देखि लागू हुने गरी फिर्ता दिएको जनाएको हो ।

निगमले शनिबारदेखि लागु हुने गरी पेट्रोलियम पदार्थको मूल्य बढाएपछि त्यसको चौतर्फी विरोध भएको थियो । मूल्य वृद्धिले सरकारको आलोचना भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तत्कालै मन्त्रिपरिषद् बैठक राखेका थिए । बैंठकपछि प्रधानमन्त्रीले निगमले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि आसन्न चाडबाड र सर्वसाधारणको हितमा ध्यानमा राखी तत्काल फिर्ता लिन निर्देशन दिएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहालले दिएको निर्देशनअनुरुप आइतबार राति १२




बजेपछि  पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लागू भएको नेपाल आयल निगमले जनाएको छ ।

मूल्य स्थिरीकरण कोष तथा नेपाल सरकारबाट प्राप्त हुने रकमबाट समायोजन गर्ने गरी मूल्यवृद्धि गर्ने निर्णय फिर्ता लिइएको निगमले जनाएको छ । निगमले शनिबार रातिदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर रु दुई, डिजेल र मट्टितेलमा प्रतिलिटर रु छ तथा खाना पकाउने ग्याँसमा प्रतिसिलिण्डर रु दुई सय १५ बढाउने निर्णय गरेको थियो । त्यस्तै हवाई इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर रु आठ बढाइएको थियो । मूल्यवृद्धिसँगै ग्याँसको मूल्य प्रतिसिलिण्डर रु दुई हजार एक सय १० पुगेको थियो । इन्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिददरका आधारमा निगमले मूल्य समायोजन गरेको थियो । चाडपर्वको मुखमा भाउ वृद्धि गरिंदा सर्वसाधारण चर्को मारमा परेको भन्दै सामाजिक सञ्जालदेखि मिडियासम्म सरकारको विरोध भएको थियो ।

**सुविधा सम्पन्न घर भाडामा**

सुन्दर नगर तानसेनको कैलाशनगरस्थित "होटल रानीमहल" नजिकै हिमश्रृखलाको दृश्यावलोकन गर्न मिल्ने, गार्डेन र पार्किङ्गको समेत व्यवस्था भएको, एट्याच बाथरुम, तातो चिसो पानीको व्यवस्था भएको घर भाडामा छ ।

सरकारी, गैरसरकारी कार्यालय, होमस्टे, रेष्टुरेण्ट समेत सञ्चालन गर्न मिल्ने, कम्पाउण्ड भएको घर भाडामा लिन इच्छुक संघ, संस्था, व्यक्ति वा परिवारले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं : ९८४७५९७७७०**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अहिंसा दिवस र यसको सार्थकता

अक्टोबर २ लाई विश्व अहिंसात्मक दिवसका रूपमा मनाइने गरिन्छ । भारतका अहिंसावादी नेता महात्मा गान्धीको जन्मदिनको अवसर पारेर सन् २००७ देखि हरेक वर्ष यो दिनलाई अहिंसात्मक दिवसका रूपमा मनाउने गरिएको हो । यस वर्षको दिवस आज विश्वभर मनाईंदै छ । विश्वमा हिंसाका घटनाहरू बढ्दै जान थालेपछि हिंसालाई रोक्ने अभिप्रायसहित यो दिवस मनाउन थालिएको हो । विश्व मानव इतिहास हिंसा र द्वन्द्वका कैयन घटनाक्रमहरु सामना गर्दै यहाँसम्म आइपुगेको छ । अहिले पनि विश्वका विभिन्न स्थानमा हिंसात्मक द्वन्द्वका घटना भइरहेका छन् । हरेक कुराको प्राप्ति र जीतका लागि द्वन्द्व नै विकल्प त होइन यद्यपि मानिस यसैतर्फ बढी लागेको देखिन्छ । द्वन्द, युद्ध राम्रो पक्ष होइन किनकि यसले धेरै जनधनको क्षति गर्छ । यसले मानवीय क्षतिमात्र नभइ आर्थिक अवस्थासमेत कमजोर बनाउँछ । यस कारण द्वन्द्व र युद्धबाट हुने क्षतिहरूलाई न्यूनीकरण गर्न र मानव अस्तित्व संरक्षण गर्न अहिंसात्मक सामाजिक आन्दोलन र अहिंसात्मक आर्थिक क्रियाकलाप एउटा विकल्प हुन सक्छ, र यो आवश्यक पनि छ ।

मानव समाजको सुरुवात देखिनै द्वन्द्व भइरहेको छ । विभिन्न नाममा र विभिन्न परिवेशका समाजहरू बिचको वैचारिक असहमतीबाट द्वन्द्वको सिर्जना हुनु सामान्य हो । तथापि उक्त द्वन्द्वको उचित व्यवस्थापन गर्न नसक्दा यहाँ हिंसा बढ्दै गइरहेको छ । नेपालमा राजनीतिक स्थायित्व पश्चात् आशाको मुना पलाउन लागिरहेका बेला पुनः हिंसात्मक गतिविधि बढ्न थालेका छन् । लामो सशस्त्र युद्ध भोगेका नेपालीलाई देशका विभिन्न स्थानमा बम विस्फोट, आगजनी तथा हत्याका घटना सार्वजनिक हुँदै गर्दा त्रास बढाएको छ । मुलुकमा विभिन्न आन्दोलन पश्चात् राजनीतिक परिवर्तन भई नयाँ संविधान कार्यान्वयनको चरणमै रहेका बेला मुलुकलाई हिंसातर्फ धकेल्ने कार्य हुनु निन्दनीय छ । अहिंसा भनेको हिंसाको अभावको अवस्था मात्र हो । हिंसारहित समाज हुनु भनेकै अहिंसा हो । यसर्थ हरेक समाज हिंसारहित बनाउन सकियो भने मात्रै अहिंसा दिवसको सार्थकता रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुदछ । त्यसैले सबैले आ–आफ्नो ठाउँबाट हिंसात्मक गतिविधि बन्द गरौं सभ्य र शान्त समाज निर्माण गर्नमा जुटौं ।

## Opinion @ Social Network

आकाश जस्तै सुनसान छ जिन्दगी अनि
तारा जस्तै अनगिन्ती छरिएका छन् सपनाहरु ।

*(सम्झना मगरको फेसबुक स्टाटस https://www.facebook.com/samjhana.mgr)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# धनीको दशैं, गरिबको दुःख



## रिसव गौतम

*विश्वभर छरिएर रहने नेपाली प्रकृति र प्रवृत्तिलाई एकीकरण गर्ने काम वास्तवमा विजया दशमीले नै गरिरहेको छ । दशैंको महिमा झन् बढेको छ । दशैं एउटा मनाउनको लागि मनाइने पर्व मात्र नभएर नेपाली मौलिकता, नेपाली स्वाभिमान, नेपाली गौरव, नेपाली पहिचानको एउटा शक्तिशाली विम्ब समेत हो । विश्वसामु गौरव गर्ने र पहिचान दिलाउने सांस्कृतिक धरोहर दशैं नै हो भन्दा हुन्छ । नेपाली जहाँ पुगोस्, जे-जस्ता दुःख-वेदना र कर्महरू गर्न पुगोस्, जे-जस्तो वातावरणमा खुम्चन पुगोस्, कम्युनिष्ट बनोस् या क्रान्तिकारी उसको निम्ति दशैं जीवनको अमूल्य अंग नै बन्ने गर्छ ।*

२०८० सालको बडादशैं पनि नेपालीको घरआँगनमै आइपुगेको छ । आउने र जाने क्रम अनवरत जारी राख्ने यो सांस्कृतिक चाड बहुआयामिक महत्वको छ । दशैंले धेरैलाई हर्षोल्लास र खुशी दिन्छ । पारिवारिक मिलन र भेटघाटहरू संयोजन गर्छ । मान्यजन र अग्रजहरूको भूमिका र महिमा बढाउँछ । गतिहीन अर्थ-बजारलाई गतिशील बनाउँछ । त्यसैले दशैं पर्व मात्र होइन, महान् उत्सव हो । जसले नेपाली समाजको बहुआयामिक पाटा, पखेटाहरू एकैसाथ जोड्छ । सिंगार्छ, सजाउँछ अनि केलाउँछ । अहिले दशैं नजिकिएसँगै बजारहरू तातिएका छन् । किनमेल बढ्न थालेका छन् । बजारमा घुइँचो बढिरहेको छ । सरकारले पनि दशैं विशेष खाद्य सामग्री सहुलियत मूल्यमा बेच्ने हिसाबको सुपथ मुल्य पसल सञ्चालनको तयारी गरिसकेको छ । हवाई तथा स्थलमार्ग भएर यात्रुहरूको ओहोर-दोहोर सहजताका लागि अग्रिम टिकट बुकिङ सुरु हुन लाग्दैछ । राष्ट्र बैंकले नयाँ नोट निष्कासन गरेर बाँड्ने तयारी थालिसकेको छ । गाउँघरमा पीङहरू हाल्ने, घरआँगन सिंगार्ने कामहरू सुरु हुन थालिसकेका छन् । समग्रमा दशैंले नेपालीलाई छपक्कै छोइसकेको छ । दशैं नजिकिएसँगै मोबाइल तथा अटोमोबाइल सहित किनमेल दुनियाँका अनेकन् वस्तुमा छुट सहितका बम्पर योजना सार्वजनिक भइरहेका छन् । अटो शो, फर्निचर एस्क्पो जस्ता अनेकन् शो प्रदर्शनी भइरहेका छन् । व्यवसायीहरूमा उत्साह भरिंदो छ । तर जति-जति दशैं नजिकिएको छ, त्यति-त्यति नै महँगी बढिरहेको छ । बजारमा भान्साका सामानहरूको भाउ अचाक्ली बढिरहेको छ । मुद्रास्फीति ८ प्रतिशत छुन लागिरहेको छ । सरकारले महँगी नियन्त्रण र बजार अनुगमन प्रभावकारी बनाउनै सकिरहेको छैन । व्यवसायीहरूले पनि दशैं-तिहारलाई अवसर पारेर वस्तुभाउको मूल्य अचाक्ली बढाउने गरेका छन् ।

सरकारले हरेक साल सुपथ मूल्य पसल सञ्चालन त गर्ने गरेको छ तर त्यो देखावटी हिसाबको मात्रै हुनेगर्छ । सुपथ मूल्य पसलमा भन्दा बाहिरका पसलहरूमा तात्विक फरक पाइने गरेको छैन । महँगी चुलिएर आकाश पुगेको छ तर सरकारको सुपथ मूल्य पसलले उपभोग्य वस्तुहरूमा २०, १०, ५ रुपैयाँ जस्ता छुट दिएर जगहँसाउने गरेको छ । झारा टार्ने छुट दिइएका हुन्छन् । सुपथ मूल्य पसललाई सुपथ बनाइएका छैनन् । यसपटक पनि सरकारले विगतकै क्रम दोहोर्‍याउनेछ वा साँच्चिकै सहुलियत पसलहरू सञ्चालन गर्नेछ त्यो हेर्नै बाँकी छ । हवाई भाडाहरूका त आफ्नै रेट छन् । त्यो एक खालको सिस्टममा चलेकै छ । हवाईमा सफारी गर्ने वर्ग एक हिसाबको हुनेखाने वर्ग नै हुनेगर्छ । तर सार्वजनिक सवारी साधनहरू प्रयोग गर्ने सर्वसाधारण वर्षेनि दशैंकै मौकामा अचाक्ली ठगिने गरेका छन् । उनीहरूले सरकारको प्रभावकारी अनुगमनको अभावमा अघोषित रूपमा डबल भाडा उठाइने गरेका छन् । सरकारले त्यो खालको यातायात मनपरी नियन्त्रण गर्न सकिरहेको छैन । त्यसकारण चाडबाडमा हुने महँगी र ठगी नियन्त्रणमा सरकारले आफ्नो सक्षमता देखाउनै सकेको छैन । सरकारले ती कुराहरू नियन्त्रण गर्न सक्यो, गरिब जनतामा राहत दिन सक्यो भने मात्रै दशैंले सबै जनताको घरमा उल्लास छर्नेछ । दशैं नजिकिएसँगै विदेशमा श्रम बेचिरहेका नेपालीको घरफिर्ती बढ्न थालेको छ । रेमिट्यान्स आप्रवाह बढेको छ । व्यापारीहरूका व्यापार बढेका छन् । बजारमा पैसाको प्रवाह बढ्न थालेको छ ।

### किनमेलको पर्व दशैं

मुख्यतया नेपालीको वर्षभरिमा हुने खर्चको अधिकतम हिस्सा दशैंले लिने गरेको छ । अन्य समयमा नेपालीले खासै खर्च गर्ने गर्दैनन् । तर दशैं-तिहारका बेला लत्ताकपडादेखि कुनै राम्रा घरायसी सामान समेत यसैबेला खरिद गर्छन् । जसका कारण अनेकन् मेला, महोत्सव यसै समयमा हुने गरेको छ । दशैं र तिहारमा नेपालीहरू ऋण-धन गरेरै आफ्ना इच्छा र आवश्यकताका सामान किन्ने गरेका छन् । फलस्वरुप दशैं महँगो हुने गरेको छ । अझ हिजोआज त दशैं अत्यन्त देखासिखी र विलासी हुँदै पनि गएको छ । तर 'आयो दशैं ढोल पिटाई, गयो दशैं ऋण बोकाई' भन्ने पुरानो नेपाली उखान गरिब-गुरुवाहरूको हकमा आज पनि लागू हुन्छ । खरिद गर्न सक्ने र धान्न सक्नेले त दशैं राम्रै गरी मनाउलान् । तर गरिब तथा असहायहरूको हकमा दशैं पीडादायक हुने गरेको छ । खासगरी दक्षिण एशियामै सम्भवतः सबैभन्दा बढी धनी-गरिबबीचको असमानता कायम रहेको र २०७२ वैशाखमा गएको महाभूकम्प, पछिल्लो कोरोना संकटले लाखौं जनता गरिबीको सूचीमा थपिएका छन् । जसकारण गरिबीको तथ्याङ्क घटेको छैन । यसैमा नेपालमा दशैं पर्व थप गरिबी बढाउने पर्व हुने गरेको जस्तो देखिन्छ । गरिबी र दशैंको सम्बन्ध सौहार्दहीन एवं पेचिलो बन्दै गएको महशुस हुन्छ । यद्यपि दशैं हाम्रो महान् राष्ट्रिय गौरवको पर्व हो । दशैं हाम्रा पिता पुर्खाहरूदेखि नै नेपालीले नेपालीपन र नेपाली हुनुको गौरवसाथ मनाउँदै आएको मौलिक पर्व हो । दशैंको सान्दर्भिकता पछिल्ला वर्षहरूमा झन्-झन् बढ्दै गएको महसुस हुन्छ । किनकि नेपाली संसारका अधिकतम राष्ट्रहरूमा रोजगारी र अन्य सिलसिलामा बाहिरिएका छन् । औपचारिक तथा अनौपचारिक गणना अनुसार ६० लाख नेपाली यतिबेला विश्वका देशहरूमा छरिएका छन् । तर तिनको लागि स्वदेश फिर्तीको साइत सामान्यतया दशैं-तिहारले नै जुराइदिएको हुन्छ ।

विश्वभर छरिएर रहने नेपाली प्रकृति र प्रवृत्तिलाई एकीकरण गर्ने काम वास्तवमा विजया दशमीले नै गरिरहेको छ । दशैंको महिमा झन् बढेको छ । दशैं एउटा मनाउनको लागि मनाइने पर्व मात्र नभएर नेपाली मौलिकता, नेपाली स्वाभिमान, नेपाली गौरव, नेपाली पहिचानको एउटा शक्तिशाली विम्ब समेत हो । विश्वसामु गौरव गर्ने र पहिचान दिलाउने सांस्कृतिक धरोहर दशैं नै हो भन्दा हुन्छ । नेपाली जहाँ पुगोस्, जे-जस्ता दुःख-वेदना र कर्महरू गर्न पुगोस्, जे-जस्तो वातावरणमा खुम्चन पुगोस्, कम्युनिष्ट बनोस् या क्रान्तिकारी उसको निम्ति दशैं जीवनको अमूल्य अंग नै बन्ने गर्छ । नेपालमै पनि शास्त्रीय मार्क्सवादको बर्दी ओढेर ढोंग पिट्नेहरू र धर्मकर्मलाई तिलाञ्जली दिनेहरू समेत दशैंमा रमझममा व्यस्त हुन्छन् । यसर्थ विजया दशमी नेपालीका लागि महान् उत्सव हो । तर राजनीतिक आन्दोलन र त्यसका उपलब्धिहरू वास्तविक रूपमा तल्लो तहका जनताको हितमा हुन नसक्दा मुलुकमा धनी र गरिब बीचको असमानता तुलनै गर्न नसकिने गरी फराकिलो हुँदैछ । सरकारी तथ्यांक अनुसार नेपालमा निरपेक्ष गरिबी १८.४ प्रतिशत रहेपछि बहुआयामिक गरिब २८ प्रतिशत भन्दा बढी रहेको छ । अझ अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले प्रक्षेपण गरेको तथ्यांकहरूमा नेपालमा अझै ३५ प्रतिशत नेपाली गरिबीकै रेखामुनि छन् । धनी-गरिब बीचको यस्तो असमान अवस्थाको अन्त्य नहुँदासम्म सबैको लागि दशैं दशैं हुनसक्ने छैन । दशैंको रौनक र उत्साहमा समानता ल्याउन गरिबी निवारणलाई जोड दिनुपर्ने अवस्था छ । सरकारले धनी र गरिबबीचको आर्थिक खाडल कम गर्ने गरी कर प्रणाली अपनाएको भए, विकास कार्यक्रम अघि बढाएको भए, सुलभ स्वास्थ्य-शिक्षा दिलाएको भए, बजेट मार्फत सन्तुलित विकास निर्माण गरेको भए यस्तो अवस्था पक्कै आउने थिएन । विडम्बना पछिल्लो समय प्रदेश तथा स्थानीय सरकारहरूले गरिबमारा ढंगको करको बोझ स्थानीय तहमा समेत थुपार्दै छन् । तर कर लिए बापतको विकासको दायित्वबाट भने निरन्तर पन्सिएका छन् ।

नेपालमा २०१३ सालदेखि नै गरिबी निवारणको योजनाबद्ध कार्यक्रम थालनी भए पनि गरिबी र असमानताको दर झनै वृद्धि हुँदै आएको देखिन्छ । गरिबी निवारण र योजनाबद्ध आर्थिक विकासका कार्यक्रमहरू एकपछि अर्को गर्दै असफल भएको कारणबाट आज पूरै देश रेमिट्यान्स आयमा निर्भर हुन पुगेको छ । सक्रिय युवा जनशक्ति पूरै पलायन छन् । एसियामै अफ्गानिस्तान पछि दोस्रो गरिब र पूरै विश्वमा गरिब देशहरूमध्ये ४० नम्बर भित्र मुलुक पर्छ । विकासशील मुलुकमा उक्लने भनेको मुलुकले एक दशक हुँदासम्म समग्र सूचकहरूमा प्रगति गर्न नसकेर ओरालो लागिरहेको छ । आर्थिक वृद्धि र विकास बढाउनै सकिरहेको छैन । अर्थतन्त्र गतिशील हुन सकिरहेको छैन । आर्थिक विकासको बाटोमा भुटानले समेत नेपाललाई उछिनिसकेको छ । देशको यस्तो दुरवस्थाबीच विजया दशमी कसरी सबैका लागि सुखद रहला ? कसरी उल्लासमय रहला ? तर पनि सरकारले सबै जनताको दशैं दशैंजस्तो बनेको हेर्न चाहन्छ भने गरिब जनतालाई केन्द्रित दशैं विशेष राहत कार्यक्रमहरू ल्याउनैपर्छ । गरिबहरूका लागि पनि दशैं हुनका लागि सरकारले न्यूनतम आधार तय गर्नैपर्छ । अन्यथा सुदूरपश्चिमका भोकमरी ग्रस्त बजाङ, बाजुरा, दार्चुला, अछाम, बैतडी, हुम्ला, जुम्ला लगायत जिल्लाका अति गरिब जनताको दशैं दशामा सीमित हुनेछ । त्यस्तै भूमिहीन जनता जो आजै कमाएर आजै खाने खालका हुन्छन् तिनको दशैं दशा मात्रै हुन्छ । सरकारले दशैं समानस्तरको, उल्लासमय र सुखप्रद बनाउन र महँगी एवं अराजकता रोकी जनताको जीउधनको सुरक्षा गर्न विशेष कार्यक्रम ल्याओस् । बडा दशैं २०८० को अग्रिम शुभकामना !

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक क्षेत्रमा धन खर्च हुनेछ । यात्राका सजगता अपनाउनु पर्नेछ । | **तुला** : सानातिना समस्यामा अल्झनुपर्नेछ। पारिवारिक समस्या पनि बढ्न सक्छ । |
| **वृष** : अरूको भर नपरी सही निर्णय लिन सके थप सफलता र अवसर प्राप्त होला । | **वृश्चिक** : धन लाभका योग देखिन्छ । प्रेम जीवन पनि सफल रहनेछ । |
| **मिथुन** : दुष्ट व्यक्तिको संगतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला । | **धनु** : आँटिको र ताकेको कार्य पुरा होला। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : समाज सेवामा मन लाग्नेछ । सांगीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ । | **मकर** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ । | **कुम्भ** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ । |
| **कन्या** : धार्मिक सेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । | **मीन** : आफन्तबाट सहयोग प्राप्त हुनेछ। नयाँ कार्यको थालनी हुनेछ । |



# यो वर्षको एसईई आगामी चैत पहिलो सातादेखि हुने




यो वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) आगामी चैत पहिलो सातादेखि हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले सार्वजनिक गरेको शैक्षिक सत्र २०८० को वार्षिक कार्यतालिका अनुसार चैत पहिलो सातादेखि परीक्षा हुने भएको हो । चैत पहिलो सातादेखि परीक्षा गरेर असारको दोस्रो हप्ता नतिजा प्रकाशन गर्ने कार्यतालिका रहेको छ ।

बोर्डको वार्षिक कार्यतालिका अनुसार कक्षा ९ को रजिष्ट्रेशन र कक्षा १० को परीक्षा आवेदन फारम छपाई र वितरण कात्तिक मसान्त सम्ममा गरिनेछ । जुन बोर्डको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले गर्नेछ । त्यस्तै कक्षा ९ को रजिष्ट्रेशन र कक्षा १० को परीक्षा आवेदन फाराम मंसिर मसान्तसम्म भराउनेछ । त्यो शिक्षा विकास तथा समन्वय इकाईमार्फत हुनेछ । त्यस्तै माघ पहिलो साता परीक्षाको समय तालिका प्रकाशन र परीक्षा केन्द्र निर्धारण गर्ने कार्यतालिका छ । २०८१ को साउन तेस्रो साता पूरक परीक्षा सञ्चालन गर्ने गरी कार्यतालिका बनाएको छ ।

*-रातोपाटी डटकम*

# सहपाठी नाती नातिनीसँगै बसेर क, ख सिक्दै दुजीकुमारी



वरिपरी सानासाना नानीहरू, तिनै नानीहरूको बीचमा बसेर क, ख, ग र १, २, ३ सिक्दै गरेकी दुजीकुमारी ओली । उमेरले उनी ५० वर्ष नाघिसकेकी छन् । हेर्दा लाग्छ, उन ती नानीबाबुलाई सिकाउने शिक्षिका हुन् । तर उनी शिक्षिका नभई नातिनातिना उमेरका तिनै साना नानीहरूसँगै बसेर वर्णमाला र अंक गणित सिक्ने कक्षा १ को विद्यार्थी हुन् ।

दुजी ओली यतिबेला बाँकेको कोहलपुरस्थित ज्ञानज्योति माध्यामिक विद्यालयमा कक्षा १ मा पढिरहेकी छन् । उमेरले ५१ वर्ष पुगीसकेकी दुजीकुमारीलाई उनका नातिले पढ्नका लागि हौसाएको बताउँछिन् । "नातिलाई विद्यालयको गृहकार्य गर्न लगाउँदा तपाईँलाई एक, दुई, तीन त आउँदैन, मलाई के पढ भन्छिन् भनेर जवाफ फर्काएपछि सिक्नकै लागि स्कुल भर्ना भएँ", दुजी भन्छिन् । बाँकेको कोहलपुर नगरपालिका-११ सैनिकटोलकी दुजीलाई छ वर्षको नातिले लगाएको बचनले स्कुलको कक्षा कोठासम्म पुर्याएको उनको भनाइ छ । "मलाई पढ्न मन त पहिलादेखि नै थियो तर त्यो दिन नातिले त्यसो नभनेको भए म अझै पनि घरधन्दामै अल्झिरहन्थे होला", उनी भन्छिन् । आफ्नो सहपाठी आफ्नै उमेर समूहको नभई नातिनातिनी उमेरको हुँदा नजानेको कुरा सोधेर सिक्नलाई सजिलो भएको दुजी बताउँछिन् । "मलाई धेरै कुरा आउँदैन । नजानेको कुरा सिक्नलाई साना उमेर भएका यिनै साथीहरूले राम्ररी सिकाउँछन्", उनले भनिन्, "ठूलालाई नजानेको कुरा सोध्न लाज लाग्छ तर सानाबाट नजानेको कुरा सिक्न लाज नलाग्ने रहेछ", उनले भनिन्, "मेरा साथीहरू साना उमेरका भएको हुनाले नै मैले छोटो समयमा धेरै कुरा सिकेको छु ।" पच्चीस वर्षदेखि एकल महिला भएर छोराछोरीको जिम्मेवारी पूरा गर्दै आएकी दुजीकुमारीले अहिले पनि घरको काम सकेर स्कुल आउने जाने गर्छिन् । कक्षा १२ सम्मको पढाइ पूरा गरेर कम्प्युटर सिक्ने इच्छा भएको उनले बताइन् । सुरुमा पढ्नलाई छोराले आनाकानी गरे पनि अहिले भने साथ दिएको र बेला-बेला सिकाउने गरेको पनि उनले बताइन् । उनले अहिले बाह्रखरी अक्षर चिन्नुका साथै अंकहरू मज्जाले लेख्न र पढ्न सक्नुहुन्छ । इकार र आकारका मात्राहरू सिक्न र आधा अक्षरहरू चिन्न बाँकी रहेको उनले बताइन् । स्कुल पढ्न गएदेखि आफूले जानेको कुरा अरुलाई सुनाउन पाउँदा पनि खुसी लागेको उनको भनाइ छ । शिक्षिका गीता श्रेष्ठले पनि पढाएको कुरालाई छिट्टै बुझ्ने र सिक्ने क्षमता भएको हुनाले दुजीले कक्षा १ राम्रै अंक लिएर पास गर्ने बताइन् । कक्षामा उन शिक्षकले पढाएको मज्जाले बुझ्छिन् । दिएको गृहकार्य पनि सबै गरेर आउछिन् । अक्षर पनि निकै सफा छ उनको । दश वर्षमा एसइई परीक्षा उत्तीर्ण गर्ने उनको जीवनको एउटै धोको छ ।

*-हाम्राकुरा डटकम*

# प्रस्तावित शिक्षा विधेयकमा सम्बोधन गर्नुपर्ने केही सबाल

**डा.केपी घिमिरे**

केही दिनअघि संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा उल्लेखित प्रावधानले मुलुकको शैक्षिक तलाउ तरंगित छ । ५२ वर्षपछि आउन थालेको विद्यालय शिक्षासम्बन्धी यस विधेयकमा रहेका विषयमा सरोकारवाला पक्षसँग पर्याप्त छलफल र मिहीन विमर्श नभएकै कारण यो बढ्ता विवादित बन्नु स्वाभाविकै हो । सार्वजनिक शिक्षाको जीवन र भविष्य जोडिएको यस विधेयकलाई सामान्य रूपमा लिनु पनि हुँदैन । यसमा नीति निर्माता, शिक्षाविद् र सरोकारवाला पक्षले गम्भीर र व्यापक बहस गरेर दूरदर्शी निष्कर्ष निकाल्नुपर्छ, जसले हाम्रा देशका शैक्षिक समस्यालाई मोचन गर्ने परिस्थिति निर्माण गरोस् । किनभने कुनै पनि मुलुकलाई दीर्घकालसम्म उन्नत पथमा डोर्याउन सबैभन्दा बढी भूमिका त्यस देशको शिक्षा नीतिकै हुन्छ र ध्वस्त बनाउन पनि । प्रस्तावित शिक्षा ऐनले कक्षा १० लिइने एसइई परीक्षालाई खारेज गरिदिएको छ । सामान्य जस्तो लागे पनि यसले विद्यालय शिक्षामा विभिन्न स्वरूपका 'साइड इफेक्ट' देखिनेवाला छन् । सबैभन्दा मुख्य समस्या भनेको एसइई हटाउँदा कक्षा ११ र १२ मा आफूले चाहेको विषय विज्ञान, व्यवस्थापन, कानुन, शिक्षाजस्ता अलग समूहमा विद्यार्थीको चाहनाबमोजिम अन्य विद्यालयमा अध्ययन गर्न जानको लागि असहज देखिन्छ । आफूले पढेको स्कुलमा आफूले खोजेको विषय उपलब्ध नहुन सक्छ । त्यसैगरी एउटा साधारण स्कुलमा पढ्ने जेहेन्दार विद्यार्थीले भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान जस्ता विषय पढेर प्राविधिक क्षेत्रमा जाने कुरामा जटिलता छ । किनभने यस्ता विषयहरूको उपलब्ध हरेक विद्यालयमा हुन सक्दैनन् । सोको लागि सक्षम र भौतिक पूर्वाधार भएका विद्यालयको वर्गीकरण गरी यी विषय यो विद्यालयमा उपलब्ध छन् भन्ने मापदण्ड बनाउनुपर्छ । यसको परिणाम वस्तुत: कक्षा ११ र १२ मात्र अध्यापन गराउने स्कुलहरू स्वत: बन्द हुने अवस्था सिर्जना हुन्छ नै । विषयगत शिक्षकहरूको उपलब्धता सहज नभएकाले पढाइको स्तर खस्किने त निश्चित नै छ ।

एसएलसी जुन कक्षा १२ को अन्तिममा लिइन्छ उक्त परीक्षाको प्राप्तांक पनि प्रतिशतमा राख्नुपर्छ । कम्तीमा कक्षा ९, १०, ११ र १२ अक्षर ग्रेडिङ प्रणाली हटाउनु जरुरी छ किनकि प्रश्नपत्र पनि अंकभारमा बनाउने र उत्तर पनि अंकमै परीक्षण गरिन्छ । अर्को महत्वपूर्ण कुरा बाफय परीक्षामा अध्यापन गराउने शिक्षकको हात पनि रहँदैन । त्यसका साथै ९० अंक ल्याउनेलाई 'ए प्लस' र ८९ अंक प्राप्त गर्नेलाई 'ए' मात्र दिने भएकाले यो परिपाटी असंगतमात्रै छैन, अन्यायपूर्ण पनि छ । ९० र ८९ अंकमा एक नम्बरको मात्र अन्तर हुँदा ग्रेडमा अन्तर पर्न गई १० अंकको मान्यता हुने त्यस्तै ८० र ८९ अंक ल्याउनेको ९ अंक फरक हुँदा पनि समान ग्रेड कायम हुने भयो । त्यसैले यो न्यायोचित छैन, तत्काल यसलाई विस्थापित गर्नुपर्छ । परिवर्तित पाठ्यक्रमले प्रयोगात्मक कक्षाहरूलाई प्राथमिकता दिएको छ । तर, व्यवहारमा प्रयोगात्मक परीक्षाविनै औपचारिकता पूरा गरेर २५ पूर्णांकमा आफूखुसी अंक दिने चलनले यस प्रणालीकै उपहास भएको छ । यसले गर्दा रूपमा विद्यार्थीको अंक उच्च आएको देखिए पनि सारमा शिक्षाको स्तर झन्-झन् कमजोर भएको छ । १२, र ११ मा पढाउने विषय पनि पाँचवटा गर्दा हुनेमा ६ वटा विषय छन् । एउटै विद्यालयमा बिहान र दिउँसोका कक्षालाई भवन र कक्षाकोठाको व्यवस्थापन सजिलो हुने छैन । सबै विद्यालयमा १२ कक्षासम्म पढाउने हुँदा विषयगत शिक्षकको उपलब्धता र व्यवस्थापन हुनसक्ने अवस्था देखिँदैन जस्तै १० कक्षासम्म एकैजना शिक्षकले विज्ञान पढाउन सक्नुहुन्छ तर कक्षा ११ र १२ मा भौतिकशास्त्र, रसायनशास्त्र बायोलोजी, गणित पढाउने शिक्षक पनि बेग्लाबेग्लै हुनुपर्छ । एउटा स्कुलमा यी सबै शिक्षकहरूको व्यवस्थापन गर्न सहज हुने कुरै भएन । यसको परिणाम अहिले नै सोचिएन भने भविष्यमा समस्या विकराल बन्ने निश्चित छ । साथै तोकिएका प्रयोगात्मक कक्षा र प्रयोगशाला सञ्चालन गर्न सम्भव देखिँदैन । यी कारणले शिक्षाको गुणस्तर कहाँ पुग्ला ? अहिले नै चिन्तन गर्नु नितान्त आवश्यक छ । कम्तीमा विद्यालयस्तरमा पाठ्यक्रम र पाठ्यपुस्तक एउटै हुनु आवश्यक पर्दछ । कक्षा १२ पास गरेका शिक्षकहरूले आठ कक्षासम्म पढाउने गरेकामा अब उप्रान्त स्नातक नै चाहिने नीतिले ठूलो संख्याका 'प्लस टु' उत्तीर्ण जनशक्ति शिक्षण पेशाबाट वञ्चित हुनुपर्ने भएकोले बेरोजगारी बढ्ने निश्चित छ । जसले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता बन्नेछ । स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको संख्या कम भइरहेको अवस्थामा निकट भविष्यमा विद्यालय तहमा स्नातक शिक्षक आपूर्ति कसरी होला ?

सैद्धान्तिक रूपमा स्थानीय तहअन्तर्गत विद्यालय शिक्षा रहनु उपयुक्त भए पनि व्यावहारिक पक्षलाई हेर्दा हाम्रो राजनीतिक चिन्तन, कार्यशैली र संस्कार सम्यक् ढंगबाट विकसित भइसकेको छैन । अपवादबाहेक राजनीतिक व्यक्तिहरूले आफ्नो पार्टी र आफू निकटस्थलाई नै प्राथमिकता दिन्छन् न कि योग्यता र इमान्दारिताको कदर गरिन्छ । जसको परिणाम विद्यालय शिक्षा विद्यार्थी केन्द्रित नभई जनप्रतिनिधि केन्द्रित हुनेछ । सोको परीणाम गुणस्तरीय शिक्षामा गिरावट आउने निश्चित छ । यो सार्वजनिक शिक्षालाई अझ कमजोर पार्ने षड्यन्त्रको रूपमा बुझ्न सकिन्छ । एसइई परीक्षा नहुने भएपछि 'हेल्लो इफेक्ट' ले राम्रोसँग नपढे पनि सबै पास हुने मानसिकता बन्छ । जसको परिणाम कक्षा १२ (एसएलसी) मा आधाभन्दा बढी विद्यार्थी फेल हुने निश्चित छ, यो विकराल परिस्थितिले गुणस्तरीय शिक्षाकहाँ पुग्ला ? कम्तीमा आधारभूत शिक्षासम्म (कक्षा आठसम्म) गणित र विज्ञान नेपाली भाषामा पनि पढ्न र पढाउन पाउनुपर्छ । अंग्रेजीमा मात्र विषयवस्तुको ज्ञान दिन सकिँदैन । साथै अध्यापन गराउन सक्ने योग्य शिक्षक पनि उपलब्ध हुने छैनन् । विद्यालय शिक्षामा संस्कृतलाई प्राथमिकतामा राख्दै नैतिक शिक्षाको पनि ज्ञान दिनु आवश्यक छ । खेतीयोग्य जमिनमा 'सेर भ्युटावर', चार लेन र ६ लेनका फराकिला सडक, प्लटिङ गरेर टुक्रा पार्ने र डोजरे विकास गर्नुभन्दा शिक्षक तालिम र विद्यालयमा भौतिक सुविधासम्पन्न कक्षाकोठा, शैक्षिक उपकरणको व्यवस्था गरेर शिक्षामा सुधार हुन सक्दछ । विद्युत र सौर्य ऊर्जाको जमानामा पाइप विछ्याएर पेट्रोलियम पदार्थ आयात गर्ने, खेतीयोग्य जमिन मासेर (मान्छेको संख्या बढ्ने भए पनि जग्गाजमिन त बढ्दैन) यातायात विस्तार गर्नुभन्दा द्रुतगतिले विकास भइरहेका आधुनिक प्रविधिका सवारी साधनको विकास र प्रवर्द्धन गर्न सकिन्छ भन्ने ज्ञान दिने, विमान नआउने ठाउँमा ठूला-ठूला अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण आवश्यक छैन भन्ने जानकारी र परम्परागत ज्ञानको संरक्षण गर्दै वातावरणमैत्री स्वावलम्बी, देशप्रेमी, राष्ट्रभक्ति, भ्रष्टाचार गर्नु हुँदैन भने ज्ञान दिने र कम्तीमा चार वर्ष उमेर नपुगी विद्यालयमा अध्ययन गर्न नपाउने बरू आमा-बुबा, हजुरबा-हजुरआमासँग बस्न पाउने नीति विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश हुन सकेमा शिक्षाको सार्थकता हुनेछ । बाबु/आमा वा दुवै वैदेशिक रोजगारीमा जाँदा आमाबुबाको माया-ममता नपाउने केटाकेटी देशका कर्णधार होलान् कि उद्दण्ड स्वभावका ? सँगसँगै हाम्रा रीतिरिवाज, संस्कार-संस्कृति कता जाँदैछन्, दीर्घकालमा प्रभाव पार्ने यस्ता कुरालाई शिक्षाले निर्देशन गर्नुपर्दछ । त्रिभुवन विश्वविद्यालयतर्फ शिक्षा संकायलाई शिक्षक प्रशिक्षण केन्द्रको रूपमा विकास गर्दै उक्त फ्याकल्टीले सञ्चालन गर्दै गरेका बिएड, एमएड विषयगत अध्ययन र अध्यापन विश्वविद्यालयको मानविकी संकाय, व्यवस्थापन संकाय र विज्ञान तथा प्रविधि संस्थानमा सञ्चालन हुने बिए र एमए कक्षाहरूमा समायोजन गर्नुपर्दछ । एकै किसिमका विषयको अध्ययन छुट्टाछुट्टै गराउनुको खासै औचित्य छैन । जस्तै बिए नेपाली र बिएड नेपाली, एमए नेपाली र एमएड नेपाली अलग-अलग किन गर्नुपर्‍यो र ? बरू शिक्षण पेशामा जान चाहने विद्यार्थीहरूका लागि शिक्षणकलाका ऐच्छिक विषयमात्र छान्ने व्यवस्था गरेर एउटै बनाउनुपर्दछ । गणित विभाग र तथ्यांक विभागलाई पनि एउटै विभागको रूपमा विकास गर्न सकिन्छ । यसो गर्दा आर्थिक भार पनि कम हुने, विद्यार्थी संख्या पनि पर्याप्त हुने र शिक्षकको पनि सहजै व्यवस्थापन हुनेछ ।

**चार वर्षे स्नातकमा विद्यार्थी घट्ने प्रवृत्ति :**

अहिले सञ्चालनमा आएको चार वर्षे स्नातक ठीकै छ । विद्यार्थी संख्या घट्न थाले भनेर फेरि तीन वर्षे गराउनु आवश्यक छैन । बरू त्यसको साटो समयमा भर्ना, परीक्षा र परीक्षाफल प्रकाशित गरेर चार वर्षभित्रमा प्रमाणपत्र हात पर्नुपर्‍यो । चार वर्ष पढ्दै गर्दा कुनै कारणले एक वर्ष वा दुई वर्ष वा तीनवर्षको अध्ययन पूरा गरेर बीचैमा पढाइ छाड्नुपर्‍यो भने उसले पढेको व्यर्थ हुन्छ । त्यसो गर्नुको बदला पहिलो वर्ष पास गर्नेलाई एउटा दर्जा, दुई वर्षे पासलाई अर्को दर्जा, तीन वर्षे पासलाई तीन वर्षे स्नातकसरह मान्यता दिने परिपाटी ल्याइयो भने विद्यार्थीको अध्ययन पनि खेर नजाने र उसले १२ पासमात्र नठानेर स्नातकको पनि अध्ययन गरेको प्रमाणित हुने देखिन्छ, सोको व्यवस्था गर्नुपर्ने आवश्यक छ । सरकारले रोजगारीका बाटाहरू पनि खोल्नुपर्‍यो । ताकि अध्ययनपश्चात् जागिर पाउन र अध्ययनरत समयमा पनि आय-आर्जन गर्न सकोस् । ताकि उसले आफ्नै आम्दानीले स्नातक र स्नातकोत्तरसम्मको शिक्षा हासिल विद्यार्थी सकोस् । सरकारले शैक्षिक ऋण आवश्यक पर्नेहरूलाई सहुलियत व्याजदरमा शैक्षिक ऋणको उपलब्ध गराउन सकेमा विद्यार्थी अध्ययनका लागि भनेर विदेशिने थिएनन् । पाठ्यक्रम विद्यार्थीको क्षमताले भ्याउने सैद्धान्तिकका साथै व्यावहारिक पनि हुनुपर्‍यो र शिक्षकहरू पनि आफ्नो पेशाप्रति इमानदारी हुनु आवश्यक छ । चार वर्षीय स्नातकलाई सेमेस्टर प्रणालीमा लगेर सम्बन्धित विषयको डिनको कार्यालयले परीक्षा सञ्चालन र परीक्षाफल प्रकाशन गर्दा अझ छिटो र छरितो हुने थियो । सिंगलमेजरले गर्दा विद्यार्थीले अरू विषय जति पढे पनि एउटै विषयमा मात्र स्नातकोत्तर गर्नुपर्ने भएकाले दुई विषयमा मेजर गर्नु नितान्त आवश्यक छ । जस्तै उदाहरणको लागि बिएससी फिजिक्स पढ्ने विद्यार्थीले तीन वर्षसम्म थुप्रै गणित पनि पढेको हुन्छ तर चौंथो वर्षमा गणित नपढेको कारणले एमएससी गणित पढ्न नपाइने यो ठीक भएन केही विषयको समायोजन गरेर 'फिजिक्स' वा गणितमा एमएससी गर्न पाउने व्यवस्था गर्नु नितान्त जरुरी छ । 'टेक्सबुक'का सम्बन्धमा पाठ्यक्रमले तोकेकै हुनुपर्‍यो र प्रश्नपत्रको निर्माण पनि सोही किताबबाट हुनुपर्छ । केही वर्षपछि १२ कक्षासम्म अध्यापन गराउने शिक्षकहरूको कमी हुने स्पष्ट छ, यस विषयमा अहिलेदेखि नै सोच्नु जरुरी छ ।

*-इहिमालय टाइम्स डटकम*


**कालीगण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पूर्तिघाट, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०६/१५)*

यस कार्यालयलाई आवश्यक चारपाङ्ग्रे सवारी साधन थान १(एक) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क.८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने बिधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक उत्पादक वा त्यसको आधिकारिक बिक्रेताले फर्मदर्ता र नवीकरणको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको आधिकारिक स्फेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र (सो दिन सार्वजनिक बिदा पर्न गए सोको भोलिपल्ट) यस कार्यालयमा दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

Technical Specification

| क्र.स | खरिद गर्ने सामाग्रीको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १. | चार पाङ्ग्रे सवारी साधन (पिक अप) | - 4 Wheel drive Pick-Up GVW not be less than 2600 kg. at least 5 passengers including driver.<br>- 4 cylinder, 4-stroke, engine displacement not less than 2500 CC, water cooled diesel Engine, developing Maximum power output not less than 60HP with torque not less than 190 Nm at governed RPM.<br>- Hydraulic Power Assisted Steering.<br>- Ground clearance minimum 180 mm. | संक्षिप्त विवरण उल्लेख नभएका विषयहरु कार्यालयबाट स्वीकृत Technical Specification बमोजिम हुनेछन । |

*प्रमुख प्रशासकीय अधिकृत*

# ध्यान, चिन्तन गर्नेले सफलता प्राप्त गर्छ : डा.बज्राचार्य

**कृष्ण पोखरेल**



**पाल्पा,** असोज १४/बौद्ध धर्म गुरु डा. कविन्द्र बज्राचार्यले जसले ध्यान, चिन्तन गर्छ उसले सफलता प्राप्त गर्ने बताएका छन् । धर्मचक्र बौद्ध युवा संघ तानसेनको वार्षिक साधारण सभा तथा आठौं अधिवेशनलाई सम्बोधन गर्दै डा. बज्राचार्यले यस्तो बताएका हुन् ।

उनले बुद्ध उपदेश, बुद्ध शिक्षा आधुनिक युग सुहाउँदो रहेको भन्दै बुद्धले ध्यानकै कारण ज्ञान प्राप्त गरेको धारणा व्यक्त गरे । ध्यान भनेको एकाग्रता त्यस विषयमा गहिरो अध्यन, अनुसन्धान तथा चिन्तन हो हरेक कार्य सफल बनाउन ध्यान महत्वपूर्ण रहेको डा.बज्राचार्यले बताए । उनले भने 'बुद्धले कसैलाई पनि ठूलो सानो, धनी गरिव भनेर विभेद गरेका छैनन्, सबैलाई समान रुपमा हेरेका छन्, प्रकृतिले सबैलाई समान अवसर दिएको छ जसले ध्यान गर्छ, चिन्तन मनन् गर्छ उसले सफलता प्राप्त गर्छ, जसले अल्छी गर्छ मिहेनत गर्दैन, ध्यान गर्दैन उसले चाहे अनुसारको सफलता पाउदैन ।' बौद्ध शिक्षा तथा उपदेशहरु जीवनका लागि सबैभन्दा उपयुक्त शिक्षा भएकाले नियम संगत पालना गर्न कार्यक्रममा सहभागीहरुलाई उनले अनुरोध समेत गरे । बौद्ध शिक्षा तथा उपदेश साधना मानिसमा आइपर्ने दुःखका कारण, त्यसको निवारण, मानिसलाई प्राप्त हुने सुख तथा आनन्दहरुको बारेमा आधुनिक विज्ञानले समेत अंगिकार गरेको बौद्ध धर्म गुरु डा. बज्राचार्यले बताए । सभामा संघका अध्यक्ष दिनेशबहादुर बज्राचार्यले संघ स्थापना भएदेखि हालसम्म खेलेको भूमिका, बुद्ध धर्म, उपदेश तथा मानवहितमा गरेका काम गतिविधी, कार्यसमितिको योगदान, साधारण सदस्यहरुको काम कर्तव्य जिम्मेवारीको बारेमा चर्चा गरेका थिए । संस्थाका महासचिव नारायणबहादुर बज्राचार्यले संघले गरेका करीव ३० वटा कार्यक्रमहरुको विस्तृत रुपमा चर्चा गरेका थिए भने कोषाध्यक्ष जितेन्द्रबहादुर बज्राचार्यले १८ लाख ८६ हजार ८ सय ७१ को बार्षिक आम्दानी खर्चको विवरण प्रस्तुत गरेका थिए ।

संघका निर्देशक विरेन्द्रराज शाक्यले बार्षिक साधारण सभा तथा अधिवेशनको बारेमा चर्चा गरेका थिए । बार्षिक साधारण सभामा संघमा आवद्ध सदस्यहरुका सन्ततिहरुबाट एसइई र कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने एक/एक जना छात्र छात्रालाई सम्मान गरिएको थियो । संघ अध्यक्ष दिनेशबहादुर बज्राचार्यको अध्यक्षता, महासचिव नारायणबहादुर बज्राचार्यको सञ्चालन र उपाध्यक्ष बसन्तलाल बज्राचार्यको धन्यवाद ज्ञापनमा कार्यक्रम भएको थियो ।

**संघको अध्यक्षमा बज्राचार्य**

संघको आठौं अधिवेशनबाट बसन्तलाल बज्राचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । समितिको निवर्तमान अध्यक्षमा दिनेशबहादुर बज्राचार्य, उपाध्यक्षमा नारायणबहादुर बज्राचार्य, महासचिवमा अनुराधा बज्राचार्य, सचिवमा अञ्जु शाक्य, कोषाध्यक्षमा जितेन्द्रबहादुर बज्राचार्य चयन भएका छन् । यसैगरी कार्यसमिति सदस्यहरुमा प्रविनबहादुर बज्राचार्य, राजेशबहादुर बज्राचार्य, धिरजबहादुर बज्राचार्य, प्रशन्नबहादुर बज्राचार्य, दिप्ती बज्राचार्य, अञ्जुला बज्राचार्य, विनोद शेखर बज्राचार्य, ज्ञानेन्द्रकाजी शाक्य र विजय बुद्धाचार्यलाई चयन गरेको निवर्तमान अध्यक्ष दिनेशबहादुर बज्राचार्यले बताए । एक जना कार्यसमिति सदस्यमा संघको पहिलो बैठकबाट मनोनित गर्ने भएको छ ।

# आज विश्व अहिंसा दिवस




**पाल्पा,** असोज १४/आज विश्व अहिंसा दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्र संघको आह्वानमा अहिंसावादी नेता महात्मा गान्धीको जन्मदिनको अवसर पारेर राष्ट्रसंघ आवद्ध मुलुकहरुमा सन् २००७ देखि हरेक बर्ष अक्टोबर २ अर्थात आजकै दिन विश्व अहिंसा दिवस मनाउने गरिन्छ ।

अहिंसा दिवसका अवसरमा शान्ति, मानवअधिकार र अहिंसाको क्षेत्रमा क्रियाशिल विभिन्न संघसंस्थाले विविध कार्यक्रम आयोजना गर्दैछन् । महात्मा गान्धीले अहिंसाका माध्यमबाटै भारतलाई बेलायती उपनिवशेबाट मुक्त गराएका थिए । विश्वमा हिंसाका घटनाहरू बढ्दै जान थालेपछि हिंसालाई रोक्ने अभिप्रायसहित यो दिवस मनाउन थालिएको हो । समाजमा हिंसाका अनेक स्वरूप हुने गरेका छन् । समाज जति खुल्ला र विकसित हुँदै गएको छ, हिंसाका रूप त्यसैगरी बदलिएका छन् । विगतमा शारीरिक रूपमा सीमित हुने गरेको हिंसा प्रविधिको विकाससँगै सामाजिक सञ्जाल र मोबाइलबाट समेत हिंसाका रूप प्रकट हुने गरेका छन् ।

अहिंसा दिवस मनाउने सम्बन्धी १५ जुन २००७ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित संकल्प प्रस्तावमा भनिएको छ- 'शिक्षाको माध्यमबाट जनतामा अहिंसाको व्यापक प्रचार गर्नुपर्छ अहिंसाको सिद्धान्त सहिष्णुता तथा शान्तिको माध्यमबाट नै सुरक्षित गर्न सकिन्छ ।' शिक्षाको माध्यमबाट जनतामा सहिष्णुता तथा शान्तिको माध्यमबाट नै सुरक्षित गर्न सकिन्छ । महात्मा गान्धीले जीवनमा कसैमाथि हिंसा गरेनन् तर उनको अन्त्य भने हिंसाबाटै भयो ।

वास्तवमा अहिलेको अवस्थामा अहिंसाको विषय जटिल बन्न गएको छ । मानवी हिंसा मात्रै नभएर पशुपंक्षी समेतको हिंसाका सन्दर्भमा हेर्दा अहिंसाको व्याख्या गर्न पक्कै पनि कठिन छ ।

## खेलकुद समाचार

# क्रिकेटमा नेपालले माल्दिभ्सलाई हरायो



**काठमाडौं,** असोज १४/नेपालले १९औँ एसियाली खेलकुदको क्रिकेटमा माल्दिभ्सलाई एक सय ३८ रनले हराएको छ । जितसँगै नेपाल क्वाटरफाइनलमा पुगेको छ । नेपाल समूह 'ए' मा अपराजित रहँदै क्वाटरफाइनलमा पुगेको हो ।

जितका लागि २ सय १३ रनको लक्ष्य पछ्याएको माल्दिभ्स १९ ओभर ४ बलमा ७४ रनमा अलआउट भयो । माल्दिभ्सका घानी अब्दुलले सर्वाधिक ३६ रन बनाए । नेपालका तीव्र गतिका बलर अभिनाश बोहोराले ६ विकेट लिए । उनी टी-२० मा ६ विकेट लिने पहिलो नेपाली बलर बनेका छन् । यसअघि सन्दीप लामिछाने र करण केसीले समान ५/५ विकेट लिएका थिए । हान्झाउमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै २ सय १२ रन बनाएको थियो । नेपालका कप्तान रोहित पौडेलले सर्वाधिक ५२ रन बनाए । कुशल मल्ल ४७ रनमा अविजित रहे । कुशल भुर्तेल र गुलशन झाले समान ३५ रन जोडे । आसिफ शेख र दीपेन्द्र सिंह ऐरी ६ रनमा आउट भए । एक वर्षपछि नेपाली टोलीमा खेल्ने मौका पाएका विकेट किपर विनोद भण्डारी १३ रनमा आउट भए । त्यस्तै, सन्दीप जोरा ५ रनमा आउट भए । माल्दिभ्सका बदिउ इस्माइल नवाजले सर्वाधिक ३ विकेट लिए । नेपालले पहिलो खेलमा मङ्गोलियालाई २ सय ७३ रनले हराएको थियो भने माल्दिभ्सले पनि पहिलो खेलमा मङ्गोलियालाई ९ विकेटले हराएको थियो । नेपाल र मङ्गोलिया बीचको खेलमा विभिन्न विश्व कीर्तिमान समेत बनेका थिए । टी-२० मा ३ सय रन बनाउने नेपाल पहिलो देश बनेको थियो भने कुशल मल्लले सर्वाधिक छिटो ३४ बलमा शतक र दिपेन्द्रसिंह ऐरीले ९ बलमै अर्धशतकको कीर्तिमान बनाएका थिए । क्वाटरफाइनलमा भारत, पाकिस्तान, बङ्लादेश, अफगानिस्तान र श्रीलङ्का छन् । क्वाटरफाइनलको 'ड्र' सोमबार हुनेछ । क्वाटरफाइनलका खेलहरु मंगलबार र बुधबार हुनेछन् । शुक्रबार सेमिफाइनल र फाइनल शनिबार हुनेछ ।

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सेयर बजारमा ३३ दशमलव २० अंकले गिरावट



**पाल्पा,** असोज १४/साताको पहिलो दिन आइतबार सेयर बजारको परिसूचक नेप्सेमा गिरावट आएको छ । नेप्से अघिल्लो कारोबार दिनको तुलनामा ३३ दशमलव २० अंकले गिरावट आएको हो ।

शेयर बजारमा गिरावट आएसँगै नेप्से १ हजार ९ सय ७१ अंकमा झरेको छ । दिनभर कुल १ अर्ब ८३ करोड चार लाख ८६ हजार सात सय रुपैयाँ बराबरको धितोपत्र कारोबार भएको छ । सो अवधिमा सबै समूहको उपसूचकमा रातो देखिएको छ । सबैभन्दा धेरै जलविद्युत् समूह तीन दशमलव ३२ र वित्त समूह दुई दशमलव १७ प्रतिशतले घटेको छ । सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने पाँच वटा कम्पनीको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । सनराइज फस्ट म्युचुअल फन्ड, अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड, एसियन हाइड्रोपावर लिमिटेड, मनकामना इन्जिनियरिङ हाइड्रोपावर लिमिटेड र सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको हो ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको १४ करोड ७३ लाख ६० हजार सात सय ४३ बराबरको तीन लाख १८ हजार सात सय २४ कित्ता शेयर किनबेच भएको छ ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

**लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई